# हाम्रो गौमुखी स्थानीय पाठ्यक्रम, २०७८

## कक्षा-५

## गौमुखी गाउँपालिका

लिवाँसे, प्यूठान

## हाम्रो भनाइ

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले तयार गरेको मार्गदर्शनका आधारमा स्थानीय पाठ्यक्रम विकास गरिएको छ । गौमुखी गउँपालिकाले विद्यालय तहको शिक्षामा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक, व्यवहारिक, समसामयिक एवम् स्तरीय तथा सान्दर्भिक बनाउने अभिप्रायले स्थानीय सरोकारवालाहरूको राय सुझावका आधारमा सूचना सङ्कलन गरी **हाम्रो गौमुखी** स्थानीय पाठ्यक्रम विकास गरी सो अनुसारको पाठ्यपुस्तक तयार गर्ने कार्यलाई अघि बढाइएको छ । कुनै पनि पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको मूल आधार वा दस्तावेज हो । यसैका आधारमा सम्पूण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले स्थानीय पाठ्यक्रम पनि स्तरीय, समसामयिक र परिवर्तित परिवेश तथा आवश्यकताका आधारमा विकास गरिनुपर्छ ।

वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यताअनुसार कक्षा ५ का लागि यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ सालदेखि गाउँपालिकाका सम्पूर्ण विद्यालयमा लागु हुने छ । २०७९ सालदेखि क्रमशः गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा लागु गरिने छ । यस पाठ्यक्रम लागु गर्दा स्थानीय सरोकारवालाबाट प्राप्त सुझवलाई समावेश गरी पाठ्यक्रमलाई अझ बढी व्यापक, प्रभावकारी र व्यवहारिक बनाउँदै लगिने छ । यस पाठ्यक्रमा बालबालिकाले जान्नुपर्ने र सिक्नुपर्ने विषयहरूका सन्दर्भमा विभिन्न व्यक्तिहरूका सुझवहरू समेटी त्यसैका आधारमा विषयक्षेत्र तोकी विषयगत क्रमबद्धतालाई ध्यानमा राख्दै गठित कार्यदल, मस्यौदा समिति, गाउँ शिक्षा समिति, गाउँकार्यपालिकाका सदस्यहरू, गाउँसभाका सदस्यहरू, प्रधानाध्यापक, विषय विज्ञहरू समेतलाई समावेश गरिएको हो ।

विश्वमा विज्ञान र प्रविधि, सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई आधारभूत तहको शिक्षामा समाहित गरी सामाजिक मूल्यमान्यता, धर्म संस्कार, जीवन पद्धति, ज्ञानविज्ञानका विविध पक्षहरू तथा आयआर्जन र सीपमूलक शिक्षाको विषयगत आवश्यकतालाई दृष्टिगत गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमा आधारभूत तह अन्तर्गतको कक्षा ५ को स्थानीय विषयको पाठ्यभार र पूर्णाङ्कको आधारमा विषयवस्तुको क्षेत्र छनोट, सिकाइ सहजीकरण तरिका, मूल्याङ्कन प्रक्रिया समावेश गरिएको छ । बालबालिकाहरूमा देखापर्ने व्यवहार परिवर्तनको मूल्य निर्धारणको लागि शिक्षण सिकाइमा आधारित प्रयोगात्मक तथा निरन्तर मूल्याङ्कनलाई आन्तरिक मूल्याङ्कन तथा लिखित परीक्षालाई वाह्य मूल्याङ्कनको रूपममा मूल्याङ्कन प्रणालीको विकास गरिएको छ । साथै बालबालिकामा देखापर्ने व्यवहारिक परिवर्तनको लेखाजोखा गर्न विद्यालयले आन्तरिक मूल्याङ्कनका लागि विविध साधनहरूको प्रयोग गर्नु वाञ्छनीय हुने छ । स्थानीय विषयको शिक्षण सिकाइ कार्यलाई सहयोग पुग्ने दृष्टिकोणले विषयवस्तुको विस्तृतीकरण, शिक्षण सिकिइ क्रियाकलाप, सिकाइ उपलब्धि, मूल्याङ्कन र पाठ्यभार समेतलाई यस पाठ्यक्रमा समावेश गरिएको छ ।

अन्त्यमा यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सम्बन्धित सरोकारवालाहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै पाठ्यक्रमको कार्यन्वयनलाई प्रभावकारी वनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गर्दछौं । साथै स्थानीय तहको यो पाठ्यक्रमलाई अझ व्यवहारिक, प्रभावकारी र जीवनपयोगी बनाउन प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर सकारात्मक र रचनात्मक सुझावको पनि अपेक्षा राख्दछौं ।

## विषयसूची


| विषयवस्तु | पेज |
|---|---|
| १. परिचय | १ |
| २. स्थानीय पाठ्यक्रम सम्बन्धी नीतिगत व्यवस्था | १ |
| ३. हाम्रो गौमुखी पाठ्यक्रम विकासको औचित्य | २ |
| ४. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रम विकास प्रक्रिया | ३ |
| ५ विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य | ४ |
| ६. आधारभूत तह(कक्षा १-८) का सक्षमता | ५ |
| ७. विद्यालय शिक्षाको तहगत संरचना र उमेर | ५ |
| ८. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ६ |
| ८.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना | ६ |
| ८.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना | ७ |
| ८.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना | ७ |
| ८.३ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण) | ७ |
| ९. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रमले निर्धारण गरेका तहगत सक्षमता(कक्षा १-५) | ८ |
| १०. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रमले समेटेका मुख्य विषय क्षेत्रहरू | ९ |
| ११. हाम्रो गौमुखी स्थानीय पठ्यक्रम कक्षा ५ का सिकाइ उपलब्धि | ९ |
| १२. विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण | १० |
| १३. सिकाइ सहजीकरण प्रक्रिया | १७ |
| १४. विद्यार्थी मूल्याङ्कन | १८ |
| १५. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया | १९ |
| १६. समय निर्धारण | १९ |
| १७. शिक्षाको माध्यम | १९ |
| १८. पाठ्यक्रम परिमार्जन | १९ |

# हाम्रो गौमुखी पाठ्यक्रम २०७८

## १. परिचय

पठ्यक्रम सिकाइको योजना हो । समग्र शैक्षिक विकासको मार्गचित्र हो, दस्तावेज पनि हो । पाठ्यक्रमलाई धावन मार्ग(Run way) को रूपमा लिइन्छ । यसरी पाठ्यक्रम भनेको त्यो बाटो हो, जसमा दौडेर विद्यार्थी वा सिकारु आफ्नो लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सक्दछ । अतः पाठ्यक्रम बालबालिकाको चौतर्फी विकासको मार्गचित्र हो । पाठ्यक्रमभित्र शिक्षाका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विभिन्न विधाहरू, विषयहरूको छनोट र सङ्गठन, सिकाइ अनुभवहरूको छनोट र सङ्गठन, शिक्षक-विद्यार्थीका क्रियाकलाप एवम् सिकाइ सहजीकरणका प्रक्रियाहरू, शैक्षिक तथा अन्य सामग्री, परीक्षा तथा मूल्याङ्कनका साथै समग्र शैक्षिक वातावरणको व्यवस्थित योजनासहित कार्यान्वयन, मूल्याङ्कन र पृष्ठपोषणको खाका समावेश गरिएको हुन्छ ।

स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकताअनुसार स्थानीय विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । यसले समुदायको आवश्यकता साथै सिकारुको रुचि, उमेर, स्तर र स्थानीय स्रोत साधनलाई विशेष ध्यान दिन्छ । स्थानीय पाठ्यक्रम निर्माणलाई शैक्षिक विकेन्द्रीकरणको एउटा पक्षका रूपमा लिइन्छ । यसले स्थानीय सरोकारवाला पक्षको क्षमता अभिवृद्धि गर्नुका साथै पाठ्यक्रम कार्यान्वयनमा अपनत्व र जवाफदेहीताको विकास गराउँछ ।

पठ्यक्रम विकास तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजको आर्थिक, सामाजिक, राजनैतिक अवस्थामा आएको फेरबदल वा परिवर्तन, शिक्षामा अएको नविनतम् चिन्तन तथा ज्ञानको प्रवर्द्धनका कारण पाठ्यक्रममा निरन्तर परिवर्तन भइरहन्छ । नेपालको सन्दर्भमा भौगोलिक, धार्मिक, साँस्कृतिक विविधता एवम् लोकतान्त्रिक परिवर्तनका कारण केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकतालाई समेट्न नसक्ने भएकोले स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । त्यसैको कार्यान्वयन स्वरूप प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ को प्रावधान बमोजिम स्थानीय पठ्यक्रम निर्माण र कार्यान्वयन हुँदै आएको छ । पाठ्यक्रम विकास केन्द्रले विभिन्न सरोकारवालाहरूको सुझाव स्वरूप राष्ट्रि पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा ल्याउने नीतिगत व्यवस्था भएअनुसार गौमुखी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण, विकास र स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यो पाठ्यक्रमको नाम **हाम्रो गौमुखी स्थानीय पाठ्यक्रम २०७८** रहेको छ । यस पाठ्यक्रमलाई कक्षा ५ मा लागु गरिने छ ।

## २. स्थानीय पाठ्यक्रम सम्बन्धी नीतिगत व्यवस्था

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ मा राखिएका विषयहरूमध्ये सामाजिक अध्ययन, सिर्जनात्मक कला तथा शारीरिक शिक्षा विषयको ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले १०० पूर्णङ्कको स्थानीय विषय छनोट गरी लागु गर्न सक्ने प्रावधान रहेको छ । त्यसैगरी राष्ट्रिय

पाठ्यक्रम प्रारूप २०७६ ले पनि आधारभूत तह(१-८) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । जसअन्तर्गत कक्षा ४-८ मा स्थानीय पाठ्यक्रमको पाठ्यभार ४ र पाठ्य घण्टा १२८ तोकिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका स्थानीय पाठ्यक्रम विकास सम्बन्धी सैद्दान्तिक आधारहरू निम्नानुसार रहेका छन् :

१. मुलुकको संघीय संरचना अनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

२. स्थानीय ज्ञान, सीप, प्राकृतिक स्रोत साधन तथा ऐतिहासिक सांस्कृतिक पक्षलाई पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरिने छ ।

३. राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा स्थानीय तहमा पठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

४. स्थानीय पाठ्यक्रममा आवश्यकताअनुसार विषयवस्तुको छनोट र परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

५. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ । स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षा कोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय जिम्मेवार हुने छ ।

६. राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन र स्वीकृतिका लागि स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

## ३. हाम्रो गौमुखी पाठ्यक्रम विकासको औचित्य

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह कक्षा १-८ सम्म स्थानीय तहबाट पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने गरी एउटा स्थानीय विषय रहने र सोको विकास स्थानीय तहले गर्ने जिम्मेवारी दिएको छ । यसै सन्दर्भमा गौमुखी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयमा यस वर्ष कक्षा ५ मा कार्यान्वयन गर्ने गरी स्थानीय विषयका रूपमा हाम्रो गौमुखी पाठ्यक्रम विकास गरेको हो । यो पाठ्यक्रम विकास गर्नुको औचित्य देहायबमोजिम रहेको छ :

१. पाठ्यक्रमका माध्यमबाट स्थानीय आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यवहारिक र प्रभावकारी तुल्याउन,

२. गाउँपालिकाभित्र रहेका सबै विद्यालयहरूमा स्थानीय विषयमा एकरूपता ल्याउन,

३. सबै विद्यालयमा स्थानीय विषयको पठानपाठन हुने वातावरण तयार गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न,

४. स्थानीय तहमा रहेका रैथाने ज्ञान र सीपको खोजी गरी त्यसलाई आधुनिकीकरण गर्न,

५. समुदायलाई आफ्नो वर्ग, क्षेत्र, धर्म, संस्कृति, सभ्यता, सम्पदा, जीवन पद्धति, र आयआर्जनका बारेमा बोध गराउन,

६. दिगो विकासका लक्ष्यहरू पुरा गर्नका लागि परम्परागत र स्थानीय प्रविधिको प्रबर्द्धन गन,

७. आर्थिक एवम् पर्यटकीय सम्भावनाहरूको पहिचान गरी स्वरोजगारका अवसर सिर्जना गर्न,

८. स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापीकरण गर्नुका साथै विश्वव्यापी ज्ञान, सीप र प्रविधिलाई स्थानीयकरण गर्न,

९. गौमुखी गाउँपालिकाको पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्न,

१०. गौमुखीको भौगोलिक, जातीय, भाषिक, सामाजिक, राजनैतिक, आर्थिक, साँस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न,

११. स्थानीय स्तरका प्रदुषण, कुरीति, सम्भावित विपद् तथा जोखिम र प्रकोपहरूप्रति जानकारी लिई सचेत रहन,

१२. प्ररम्परागत पेशा, व्यवसाय, संस्कृति, कला कौशलप्रति जानकारी लिई यसमा रहेका मौलिकताको संरक्षण गर्न,

१३. पूर्वीय सभ्यतामा रहेका जीवनशैली, संस्कार र स्वस्थ वानीप्रति सचेतना वृद्धि गर्न र यसलाई अपनाउन,

## ४. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रम विकास प्रक्रिया

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को नीतिगत व्यवस्थाका कारण स्थानीय सरकारले स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा बनाउनु परेको हो । यसलाई कार्यान्वयनमा ल्याउन गौमुखी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमा पालिका स्तरीय पाठ्यक्रम तर्जुमा गरी यस वर्षदेखि गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा परीक्षणको रूपमा लागु गरिने छ भनिए बमोजिम पाठ्यक्रम विकासको कार्य गरिएको हो । यस पाठ्यक्रममा स्थानीय इतिहास, कला, संस्कृति, भेषभूषा, वन, कृषि, पर्यटन, आर्थिक र सामाजिक क्रियाकलाप र अन्य विविध पक्षहरू समावेश गरिएको छ ।

**हाम्रो गौमुखी** स्थानीय पाठ्यक्रम विकास प्रक्रियाका लागि गौमुखी गाउँकार्यपालिकाको सिफारिस र गाउँसभाको निर्णयअनुसार अगाडि बढाइएको हो । पाठ्यक्रम विकासका लागि गाउँ शिक्षा समितिबाट कार्यदल र मस्यौदा समिति निर्माण गरी कार्यदलको बैठकले स्थानीय पाठ्यक्रममा समावेश गर्न सकिने विषय क्षेत्रहरू तोकी मस्यौदा समितिले सोही आधारमा पठ्यक्रम विकास गरेका हो । यस वर्ष गौमुखी गाउँपालिकाले स्थानीय पाठ्यक्रम कक्षा ५ मा परीक्षण गर्ने नीतिअनुसार तयार भए पनि आगामी वर्षमा क्रमश : अन्य कक्षाहरूमा परीक्षण तथा लागु हुने भएकाले यस पाठ्क्रमको विकास प्रक्रिया कक्षा १-८ सम्म विषयवस्तु, क्षेत्र र क्रम मिल्ने गरी कक्षा ५ को पाठ्यक्रम विस्तृतीकरण गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन मार्गदर्शन २०७६ को अनुसरण गरिएको छ

। यो पाठ्यक्रम मस्यौदा समतिबाट कार्यदल हुँदै स्थानीय सरोकारवालाहरूसँग छलफल तथा प्रबोधीकरण गरी आवश्यक सल्लाह सुझावलाई समावेश गरी गाउँकार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयमा आउने छ ।

## ५ विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

१. प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

२. राष्ट्र, राष्ट्रियताप्रति निष्ठावान, संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उत्पादनशील, उद्यमशील र सीपयुक्त नागरिक तयार गर्ने,

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

५. प्रकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

६. प्रत्येक व्यक्तिमा शान्ति, मानवअधिकार, समानता, समावेशीता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

८. वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझवुझ भएका खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनपयोगी सीप भएका सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श, वैशिष्ठ्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपालको इतिहास र भूगोलको ज्ञान भएको नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

१२. समाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने,

## ६. आधारभूत तह(कक्षा १-८) का सक्षमता

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्धारण गरेका आधारभूत तह(कक्षा १–८) का सक्षमताहरू निम्नानुसार रहेका छन् :

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सीपका विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र बिचारको आदनप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्कित तथा व्यवहारिक, गणितीय ज्ञान, सीप एवम् अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्दान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग

६. मानव मूल्य, मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग

७. जनसङ्ख्या, वातावरण, संरक्षण र दिगो विकास बीचको अन्तरसम्बन्धको बोध र व्यवस्थापानमा सहयोग

८. शारीरिक तन्दुरुस्ति, स्वस्थकर जीवनशैली र जिवनपयोगी सीपको विकास

९. स्थानीय आधुनिक पेशा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीपको प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्ववन्धुत्व र सह-अस्तित्वको बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याको पहिचान, विश्लेषण तथा समाधान

## ७. विद्यालय शिक्षाको तहगत संरचना र उमेर

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालबिकास शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको ४ वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम

गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यवसायिक गरी तीन प्रकारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिकि तथा व्यवसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यवहारिक अभ्यास समेटिने छ । वालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमता स्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका निम्नानुसार रहेको छ :

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालबिकास र शिक्षा | प्रारम्भिक बालबिकास र शिक्षा | ४ वर्ष | - |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ -१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**नोटः** माथि उल्लेखित तालिकामा निर्दिष्ट उमेर समूहले सम्वन्धित वर्षको उमेर पुरा भएको जनाउने छ ।

## ८. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ८.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सीपका क्षेत्रहरू | सीपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सीप सिकाइ क्षेत्र | (क) शारीरिक सीप<br>(ख) संवेगात्मक सीप<br>(ग) सामाजिक, साँस्कृतिक र नैतिक सीप<br>(घ) वौद्धिक तथा मानसिक सीप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सीप<br>(च) सिर्जनात्मक सीप | ३८४ |
| २. | विषयगत सीप सिकाइका क्षेत्र | (क) भाषिक सीप<br>(ख) पूर्व गणितीय सीप<br>(ग) दृष्यकला, कार्य तरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सीप | १९२ |
| जम्मा | | | ५७६ |

**स्रोत : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर**

उपर्युक्त तालिकामा उल्लेखित क्रियाकलाप र समय वाहेक मनोरञ्जन क्रियाकलाप, वाह्य खेल र आराम गर्ने समय गरी कम्तिमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।

## ८.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप(नेपाली) | ५ | १६० |
| २. | भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप(अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

**स्रोत : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर**

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ क्रेडिट आवर मानिएको छ ।

## ८.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा तथा स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

**स्रोत : पाठ्यक्रम विकास केन्द**

## ८.३ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण)

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा तथा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

**स्रोत : पाठ्यक्रम विकास केन्द**

## ९. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रमले निर्धारण गरेका तहगत सक्षमता(कक्षा १-५)

प्राथमिक तह (कक्षा १-५) **हाम्रो गौमुखी** विषयको अध्ययनपश्चात विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षमता हासिल गर्ने छन् :

१. स्थानीय भौगोलिक अवस्थितिको परिचय

२. आफ्नो गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन र ऐतिहासिक बस्तुको खोजी

३. गौमुखी गाउँपालिका भित्र प्रचलित भाषा, चाडपर्व, जात्रा मेला, संस्कृति, भेषभुषा, खानपिन, धर्म र संस्कारका बारे जानकारी

४. गौमुखी गाउँपालिकाका प्रमुख नदीनाला, झरना, पहाड, ताल पोखरी, गुफा, वनजङ्गल; हावापानी, उर्जाका स्रोत, खनिज पदार्थ, जडिबुटी, आदिको परिचय

५. स्थानीय सरकारको गठन सम्बन्धी जानकारी हासिल तथा स्थानीय विकासका आधारहरुको पहिचान
६. प्राकृतिक स्रोत र साधनको महत्त्व र आवश्यकता बुझी संरक्षण गर्न तत्परता

७. श्रमको सम्मान गर्न तथा श्रम गर्ने र मितव्ययी हुने वानी

८. स्थानीय स्तरमा रहेका आर्थिक क्रियाकलापको अवलोकन गरी त्यसका बारेमा जानकारी हासिल

९. समुदायमा उपलब्ध स्वास्थ्य सेवाको जानकारी लिन र  आवश्यकताअनुसार उपयोग

१०. घर, विद्यालय र समुदायको वातावरण स्वच्छ राख्न, व्यक्तिगत स्वास्थ्य र सरसफाइमा ध्यान दिई वातावरणीय सरसफाईमा जोड

११. जोखिम / विपद्का कारण पहिचान गरी त्यसबाट बँच्ने उपायहरू अबलम्बन

१२. गौमुखी गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, वातावरणीय एवम् पर्यटकीय स्थलहरूको परिचय

१३. स्थानीय जीवन पद्धति एवम् असल संस्कार र संस्कृतिको अनुसरण तथा विकृति हटाउन प्रयत्न

१४. स्थानीय विकासका पूर्वाधारका बारेमा जानकारी हासिल

१५. स्थानीय खेलकूदसँग परिचित हुन र आफू सक्दो खेलमा सहभागी

१६.स्थानीय सीप, प्रविधि, रोजगारी, पेशा, व्यवसाय एवम् आयआर्जनका क्रियाकलाप(खेतीपाती, पशुपालन, जडिबुटी, ) आदिको जानकारी हासिल

## १०. हाम्रो गौमुखी स्थानीय पाठ्यक्रमले समेटेका मुख्य विषय क्षेत्रहरू

(क) भूगोल र इतिहास

(ख) सामाजिक, राजनीतिक र शैक्षिक अवस्था

(ग) स्थानीय सरकार

(घ) आर्थिक क्रियाकलाप

(ङ) स्थानीय सीप, प्रविधि र रोजगारी

(च) प्राकृतिक सोत र साधन

(छ) गौमुखी पर्यटन

(ज) जीवन पद्धति

(झ) स्थानीय विकासका पूर्वाधारहरू

(ञ) विपद् व्यवस्थापन र सुरक्षा

## ११. हाम्रो गौमुखी स्थानीय पठ्यक्रम कक्षा ५ का सिकाइ उपलब्धि

(क) गौमुखी गाउँपालिकाको भौगोलिक अवस्थिति र यसको संक्षिप्त इतिहास बताउन

(ख) गौमुखी गाउँपालिकाको राजनीतिक नक्सा कोर्न

(ग) गाउँपालिका अन्तर्गतका मुख्य नदी, झरना, सडकको परिचय दिन

(घ) स्थानीय हावापानी र माटोको परिचय दिन

(ङ) सामाजिक मूल्यमान्यता, आदर, सत्कार, नाता सम्बन्ध तथा सामाजिक व्यवहारसँग परिचत हुन

(च) गौमुखी गाउँपालिका भित्र रहेका शैक्षिक संस्थाहरू र प्रदान गरिने शिक्षाको बारेमा जानकारी लिन

(छ) समाज विकासमा नागरिकको भूमिका बोध गर्न

(ज) स्थनीय सरकारको परिचय दिन, गौमुखी गाउँपालिकाको गठन प्रक्रिया र काम, कर्तव्य तथा अधिकारका बारे जानकारी हासिल गर्न

(झ) स्थानीय स्तरका सेवा प्रदायक संस्थाहरूको जानकारी लिन

(ञ) स्थानीय प्रमुख कृषि तथा गैर कृषि उत्पादन, पेसा, व्यवसाय भन्न

(ट) कृषि, पशुपालन, फलफुल खेतीको परिचय र महत्त्व बताउन

(ठ) घरायसी रूपमा प्रयोग हुने सामग्रीहरूको परिचय दिन र महत्त्व बताउन

(ड) स्थनीय प्रविधि, सीप र रोजगारीका बारेमा थाहा पाउन

(ढ) स्थानीय प्राकृतिक स्रोत र साधनको परिचय दिन, महत्त्व थाहा पाउन र संरक्षणमा विद्यार्थीको भूमिका बताउन

(ण) गौमुखीका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलको वर्णन गर्न

(ट) स्थानीय पर्यटन विकासका लागि नदी, झरना, ताल, खानी, बनजंगल, पशुपंक्षी, वन्यजन्तु, बनस्पतीको महत्त्व र संरक्षणका उपाय बताउन

(ठ) हाम्रो परम्परागत जीवन पद्धति र आधुनिक जीवन पद्धतिबिच फरक छुट्टाउन

(ड) स्थानीय प्रमुख जात्रा, मेला, चडपर्व, कूलपुजा, स्थानीय खाना, सन्तुलित भोजन, स्वास्थ्य सरसफाई, खानेपानी तथा स्थानीय खेलकूद, कला साहित्य तथा भाषाको परिचय दिन तथा महत्व बोध गर्न

(ढ) स्थानीय विकासका पूर्वाधारसँग परिचत हुन तथा पूर्वाधार विकासका समस्या पहिचान गर्न

(न) विपद्का बारेमा परिचित हुन र स्थानीय स्तरमा हुने सम्भावित जोखिम तथा विपद्बाट बँच्ने उपाय खोज्न

## १२. विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

| क्षेत्र | मुख्य विषयसस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकला | मूल्याङ्कन प्रक्रिया | पठ्य भार |
|---|---|---|---|---|---|
| भूगोल र इतिहास | भौगोलिक अवस्थिति | -गौमुखी गा.पा.को भोगोलिक अवस्थिति, -नक्सा, नदी, लेकबेसी भरना, हावापानी र माटो तथा मुख्य सडक खण्डको जानकारी | -नक्सामा गा.पा. चिन्न लगाउने, -गा.पा.को नक्सा बनाउन सिकाइ भोगोलिक स्थान चिन्न लगाउने | -गापाको नक्सा बनाउ, -गा.पा.का नदी, झरना, सडक लगायतका बारे लेख । | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | इतिहास | -गौमुखी गापाको संक्षिप्त इतिहास, -प्रशासनिक संरचना विगत र वर्तमान | -गा.पा.को इतिहास बारेमा छलफल गरी यसको संक्षिप्त इतिहास बताइदिने | -गौमुखी गा.पा.को संक्षिप्त इतिहास लेख । | २ |
| सामाजिक, राजनीतिक र शैक्षिक अवस्था | हाम्रो सामाजिक तथा राजनीतिक अवस्था | -समाजको परिचय, -नातासम्बन्ध, आदर सत्कार, सामाजिक र असामाजिक व्यवहार तथा आफ्नो गाउँ समाजका प्रतिष्ठित व्यक्तित्वको जानकारी | -समाजको परिचय बताइदिने, -नातासम्बन्ध, आदर सत्कार, सामाजिक र असामाजिक व्यवहारको बारे छलफल गरी बताइदिने, -सामाजलाई योगदान गरेका प्रतिष्ठित व्यक्तिहरूको नाम बताइदिने | -प्रश्न बनाएर सोध्ने, जस्तै : समाज भनेको के हो ? - तिम्रो बुबाको बहिनीको श्रीमानलाई तिमीले के भन्नुपर्छ ? तिम्रो वडामा भएका कुनै दुई जना प्रतिष्ठित व्यक्तिको नाम लेख । -बालबालिकामा देखापर्ने सामाजिक र असामजिक व्यवहारको सूची बनाउ | ५ |
| | हाम्रो शैक्षिक अवस्था | -गौमुखी गाउँपालिको शैक्षिक अवस्था, -यस भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरूको जानकारी र माध्यमिक तहमा पठनपाठन हुने विषयहरू | -गौमुखी गा.पा.को विगत र वर्तमानको शैक्षिक अवस्था जानकारी दिने, -गा.पा. भित्र रहेका शैक्षिक संस्थाहरूको वडागत विवरण नामसहित जानकारी दिने, -पालिका भित्रका माध्यमिक तहमा अध्यापन गराइने ऐच्छिक विषय तथा प्राविधिक विषयको वारेमा जानकारी | -गौमुखी गा.पा.को शैक्षिक अवस्था कस्तो थियो ? -तिम्रो वडामा कति विद्यालयहरू छन ? -गौमुखी गा.पा.भित्र कति वटा प्राथमिक विद्यालयहरू छन ? -गाउँपालिकामा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय कुन हो ? | ५ |
| | स्थानीय सरकारको परिचय, गठन प्रक्रिया तथा काम कर्तव्य र | -गौमुखी गाउँपालिकाको परिचय, | -छलफल र प्रश्नोत्तर विधिको माध्यमबाट परिचय | -गौमुखी गाउँपालिकामा कति वटा वडा | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय सरकार | अधिकार | -गाउँपालिकाको गठन प्रक्रिया, कार्यपालिकाको गठन, -वडा समितिको गठन तथा वडा समितिको काम कर्तव्य र अधिकार | बताउने, चार्ट तथा नमुना प्रदर्शन गरी गठन प्रक्रिया एवम् काम कर्तव्य र अधिकारका बारे सिकाउने, -सम्भव भए श्रव्य-दृष्य सामग्रीको प्रयोग गर्ने | छन् ? -वडा समितिका कुनै पाँच वटा कार्यहरू लेख, -गौमुखी गाउँकार्यपालिका कति सदस्सीय रहेको छ ? | |
| | स्थानीय स्तरका सेवा प्रदायक संस्थाहरू | -गौमुखी गा.पा. अन्तर्गत रहेका विभिन्न सेवा प्रदायक संस्थहरू( विद्यालय, बैंक, प्रहरी चौकी, स्वास्थ्य चौकी)को परिचय तथा प्रदान गर्ने सेवाहरू | -छलफल र प्रश्नोत्तरका आधारमा सेवा प्रदायक संस्थाहरूको परिचय र प्रदान गर्ने सेवाको बारेमा शिक्षण गर्ने, -स्थलगत भ्रमणबाट जानकारी समेत दिने | -गौमुखी गाउँपालिका भित्र रहेका कुनै ४ वटा सेवा प्रदायक संस्थाको नाम भन । -स्वास्थ्य चौकीबाट प्राप्त हुने कुनै पाँच वटा सेवाहरू लेख | ५ |
| स्थानीय विकासका पूर्वाधार | पूर्वाधार विकासका आधारहरू | -स्थानीय विकासका पूर्वाधारको परिचय , सूची, महत्व र आवश्यकता | -तालिका तथा नमुना प्रदर्शन गरी प्रश्नोत्तर, छलफल, अवलोकन तथा विज्ञसँग भेटघाट विधिमार्फत् शिक्षण गर्ने | -वस्तुगत, विषयगत तथा लिखित मौखिक प्रश्न गर्ने, जस्तैः विकासका पूर्वाधारको सूची बनाउ, | ४ |
| | पूर्वाधार विकासका समस्या | -स्थानीय पूर्वाधार विकासका समस्याहरू, समस्या समाधानका लागि स्थानीय सरकारको भूमिका | -तालिका तथा नमुना प्रदर्शन गरी प्रश्नोत्तर, छलफल, अवलोकन तथा विज्ञसँग भेटघाट विधिमार्फत् शिक्षण गर्ने | -वस्तुगत, विषयगत तथा लिखित मौखिक प्रश्न गर्ने, जस्तैः पूर्वाधार विकासका समस्या केके हुन् ? | ४ |
| स्थानीय सीप, प्रविधि र रोजगारी | स्थानीय सीप तथा प्रविधि | -घरायसी रूपमा प्रयोगमा आउने सामग्रीको परिचय, तिनको महत्व, आवश्यकता र संरक्षण, | -घरायसी सामग्रीको चित्र देखाइ छलफल गाराउने, प्रश्नोत्तर गर्ने, प्रविधिहरूको अवलोक भ्रमण गराउने | -तिम्रो घरमा प्रयोग हुने स्थानीय सामग्रीहरूको सूची बनाउ । -पानी घट्ट के कामका लागि | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -गौमुखी गाउँपालिकाभित्रका स्थानीय प्रविधिहरू( पानी घट्ट, ढिकी, जाँतो, सिलौटो, चर्खा, गुन्द्री चकटी, डालो, डोको, मान्द्रो) संक्षिप्त जानकारी | | प्रयोग गरिन्छ ? -गुन्द्री र चकटी केबाट बनाइन्छ ? -अन्य विषयगत र वस्तुगत प्रश्न निर्माण गरी मूल्याङ्कन गर्ने | |
| | रोजगारीका क्षेत्रहरू | -स्थानीय रोजगारीका क्षेत्रहरू( काष्ठ कार्य, घर बनाउने, सिलाइ कटाई, जाँतो तथा सिलौटो बनाउने, चोयाचित्राका सामग्रीहरू बनाउने, फलाम तथा तामाका भाडा बनाउने, भाङ्ग्रो बुन्ने, होटल, व्यापार गर्ने आदि) | -स्थानीय रोजगारीका क्षेत्रहरूको क्षेत्र भ्रमण गराउने, छलफल, प्रदर्शन, प्रश्नोत्तर विधिबाट शिक्षण गर्ने, -श्रव्य-दृष्य सामग्रीको डकुमेन्ट्री प्रस्तुत गर्ने | -स्थानीय स्तरमा गर्न सकिने कुनै ५ वटा कामको सूची बनाउ । वहुवैकल्पिक र विषयगत प्रश्न निर्माण गरी मूल्याङ्कन गर्ने | ६ |
| प्राकृतिक स्रोत र साधन | प्राकृतिक स्रोत तथा सम्पदाको परिचय, महत्व, प्रयोग र संरक्षणका प्रयास | -स्थानीय प्राकृतिक स्रोत, साधन तथा सम्पदाको परिचय र महत्व । -आफ्नो गा.पा.भित्र रहेका वनजङ्ग, माटो, खनिज, नदीनाला, पानी आदिको सूची, प्राकृतिक स्रोतको संरक्षणमा विद्यार्थीको भूमिका, संरक्षण गर्नुका कारण, -यिनीहरूको प्रयोगको अवस्था प्राकृतिक सोत तथा | -घर, विद्यालय वरपर भएका प्राकृतिक स्रोत तथा सम्पदाको सूची प्रदर्शन गर्ने -तिनीहरूको प्रयोग र संरक्षणको बारेमा छलफल, प्रश्नोत्तर विधिको प्रयोग गर्ने -स्थानीय खानी, वनजङ्गलको क्षेत्र भ्रमण तथा अवलोकन गराउने | -तिम्रो समुदायमा रहेका प्राकृतिक सम्पदाको सूची बनाउ । -प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षणमा विद्यार्थीको भूमिका लेख । -तामा खानी कहा पर्छ ? -प्राकृतिक स्रोत तथा साधनको संरक्षणमा गौमुखी गउँपालिकाले गरेका प्रयासहरू लेख । | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्पदाको संरक्षणमा स्थानीय तहबाट भएका प्रयांस | | | |
| आर्थिक क्रियाकलाप | कृषि पेशा | -गौमुखी गाउँपालिका भित्र गरिने प्रमुख कृषि वालीहरूको परिचय, सम्भावनाका क्षेत्र, आयआर्जनमा भूमिका र बजारीकरण<br>- फलफुल खेतीको सूची(सुन्तला, केरा, कगति, किवी अदि), महत्व र सम्भावनाका क्षेत्र तथा आयआर्जनमा भूमिका र बजारीकरण<br>-तरकारी खेतीको सूची, महत्व र सम्भावनाका क्षेत्र तथा आयआर्जमा भूमिका र बजारीकरण (हिउँदे तथा वर्षे आलु, सिमी तथा केराउ खेती, च्याउ खेती, लसुन प्याज, मुला, काउली आदि)<br>- अलैची, टिमुर, भाँगो, हदेदो आदिको सम्भावनाका क्षेत्र, आयआर्जनमा भूमिका र बजारीकरण<br>- अल्लोको उत्पादन र यसको | -स्थानीय खेतीपाती, तरकारी,<br>-फलफुल तथा पशुपंक्षीका छलफल गर्ने, प्रश्नोत्तर गर्ने, सूची बनाउने, सम्भावनाका क्षेत्र बाताइदिने, अवलोकन भ्रमण गराउने,<br>-परियोजना कार्य गराउने, उत्कृष्ट खेती तथा फर्मको नमुना देखाउने | - तिम्रो गउँमा मानिसले गर्ने पेशा व्यवसायको सूची बनाउ,<br>- अलैची खेती गर्ने तरिका लेख ।<br>- बाखा पालनका कुनै तिनवटा फाइदा लेख । आदि । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बजारीकरण | | | |
| | पशुपंक्षी पालन | - गाई, भैसी, भेडा, बखा पालन व्यवसायको महत्व, चरन क्षेत्र, आयआर्जनमा भूमिका, - लोकल तथा ब्रोइलर कुखुराको पालन र आय अर्जनमा भूमिका | -घर पालुवा जनवारको वारेमा सोधी तिनीहलाई पाल्ने तरिकाबारे छलफल गर्ने र बताइदिने | -बाखा पालनबाट कसरी फाइदा लिन सकिन्छ ? | ३ |
| हाम्रो जीवन पद्धति | रीतिरिवाज र संस्कार | -गौमुखी गाउँपालिकाको रीतिरिवाज, चालचलन, भेषभूषा, भाषा, धर्म, कला साहित्य वडागत परिचय | -स्थानीय रीतिरिवाजको वारेमा वडागत छलफल गराउने | -गौमुखी गाउँपालिकाको कति नम्बर वडामा तामाङ वस्ती रहेको छ ? -भूमे पूजाको पुजारी को हुन्छ ? | ३ |
| | चाडपर्व | गौमुखी गा.पा. अन्तर्गत मानाइने मुख्य चाडवर्व( कूलपुजा, सराँय नाच, देउँसी भैलो आदि), परम्परागत पञ्चे वाजा | -गैमुखी गाउँपालिकाका विभिन्न वडामा मनाइने चाडापर्वको बारेमा छलफल तथा अवलोकन गराउने | -तिम्रो समुदायमा गरिने कूल पुजाको बारेमा लेख । | ३ |
| | खेलकुद | -स्थानीय प्रमुख खेलको सूची र महत्व तथा विकासका प्रयासहरू | -स्थानीय खेलकूदको जानकारी गराउने तथा अवलोकन गराउने | -स्थानीय स्तरमा खेलिने कुनै ५ ओटा खेलको नाम लेख । | ३ |
| | खाना, स्वास्थ्य र सरसफाई | -परम्परागत आर्गनिक खाना( ढिडो, आटो, रोटी, सर्वोत्तम पिठाको लिटो), यसका फाइदा, आधुनिक तथा बजारिया खाना(जङ्क फुड, तयारी खाना आदि)का | -परम्परागत खानाहरूको बारेमा सोध्ने, बनाउने तरिका सिकाउने, बजारीया खानाका असरको बारे छलफल गराउने | -परम्परागत खानाको सूची बनाउ, -बजारीया खानाका असर के के हुन् ? आर्गानिक खानाका फाइदाहरू केके हुन् ? -व्यक्तिगत सरसफाइको महत्व | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | असरहरू, -व्यक्तिगत स्वास्थ्य र सरसफाइको महत्त्व, सरुवा रोगहरूबाट बँच्न सरसफाइको महत्त्व | | लेख । | |
| गौमुखी पर्यटन | धार्मिक तथा साँस्कृतिक पर्यटकीय स्थल | - पर्यटनको परिचय, गौमुखी गा.पा.भित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल(गौमुखी, झाँक्रीढुङ्गा) को चिनारी, महत्त्व तथा संरक्षण | - पर्यटन, पर्यटक र पर्यटकीय स्थलको चिनारीका लागि छलफल, अर्न्तक्रिया गराउने, - वृत्तचित्र प्रदर्शन, भिडिया प्रदर्शन तथा श्रव्य-दृष्य सामग्रको प्रयोग | - विषयगत तथा वस्तुगत प्रश्नहरू जस्तै : -गौमुखी गापाका मुख्य पर्यटकीय स्थलको नाम लेख । - गौमुखी पर्यटकीय स्थलको बारेमा एउटा चिनारी लेख । आदि । - झाँक्री ढुङ्गा.....नम्बर वडामा पर्छ । | ५ |
| | प्राकृतिक तथा मानव निर्मित पर्यटकीय स्थल | -गौमुखी क्षेत्र, नाङ्गी, तामाखानी, खुङ गुफा, नारीकोट देउराली, पुजा तारेभीर, प्रमुख वनस्पती, गौमुखी पदमार्ग आदिको चिनारी र महत्व तथा संरक्षण - बाइसमूल झरना, रानी तालको परिचय र महत्त्व | -अवलोकन भ्रमण तथा परियोजना कार्य गराउने, - पदमार्ग घुमाउने | -गौमुखी क्षेत्रको बारेमा छोटकरीमा लेख । - गुफा कति नम्बर वडामा पर्छ ? - वस्तुग तथा विषयगत प्रश्न बनाएर सोध्ने - प्रतिवेदन लेख्न सिकाउने | ५ |
| विपद् व्यवस्थापन र सुरक्षा | जोखिम/विपद् व्यवस्थापन तथा सम्भावित जोखिमहरू | -स्थानीय स्तरमा हुने जोखिम/विपद( भू-क्षय, बाढीपहिरो, चट्याङ, दुर्घटना, आगलागी आदि) को | -अभिमुखीकरण, चित्र तथा भिडियो प्रदर्शन, छलफल, प्रश्नोत्तर, अर्न्तक्रिया | -विपद् भनेको के हो ? - विपद् निम्ताउने कारणहरू केके हुन् ? | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय, विपद् निम्तिने कारण र बँच्ने उपाय | | -विपद्बाट बँच्ने उपायहरू केके हुन् ? | |
| | विपद् व्यवस्थापनमा सहयोगी निकाय | घरपरिवार, विद्यालय, प्रहरी, स्थानीय सरकार, रेटक्रस, स्वास्थ्यचौकी आदिको भूमिका | सम्बन्धित पक्षको सहयोग तथा भूमिकाको बारेमा छलफल गर्ने | - विपद् व्यवस्थापनमा तिम्रो र घरपरिवारको भूमिका के हुन सक्छ ?<br>-विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बताउ ।<br>- | ३ |

## १३. सिकाइ सहजीकरण प्रक्रिया

सिकाइ सिकारुको व्यवहारमा आउने सकारात्मक परिवर्तन हो । तोकिएको विषयवस्तुलाई सिकारुसामु पुऱ्याउने कलालाई शिक्षण विधि वा सिकाइ सहजीकरण प्रक्रिया भनिन्छ । वर्तमान सिकाइ सहजीकरण प्रक्रियामा आधुनिक शैक्षेणिक प्रविधिको प्रयोग अति अवश्यक रहेको छ भने अर्कोतिर विद्यार्थीको रुचि, क्षमता, स्तर, आवश्यकता र स्थानीय परिवेशका कारण एकै प्रकारको सिकाइ सहजीकरण विधि प्रयोग भइरहेको छैन । यसै सन्दर्भमा हाम्रो गौमुखी स्थानीय पाठ्यक्रमले सिकारुको मनोविज्ञान, विभिन्न सिकाइका सिद्धान्तमा आधारित रहेर निम्नलिखित सिकाइ सहजीकरण विधि र प्रक्रियाबाट अपेक्षित उपलब्धि प्राप्त गर्न सकिने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता, क्षमता र विविधतालाई ध्यानमा राखेर सिकाइ गर्ने,
- खेल, गीत, कथाकथन, प्रदर्शन एवम् शैक्षिक समग्रीको प्रयोगबाट शिक्षण गर्ने,
- विद्यार्थीको सिकाइलाई केन्द्रविन्दु मानी निरन्तर सिकाइमा जोड दिने,
- सिकाइ प्रक्रियामा सैद्दान्तिक भन्दा व्यवहारिक र प्रयोगात्मक तरिका अपनाउने,
- शिक्षकले सहजकर्ता तथा खोजकर्ताको रूपमा भूमिका निर्वाह गर्ने,
- सिकाइमा उपलब्ध प्रविधि तथा स्थानीय स्तरमा पाइने स्रोत सामग्रीको आधारमा सहजीकरण गर्ने,
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल गराइ पूर्व अनुभव र ज्ञानका आधारमा सीप विकासका लागि सहजीकरण गर्ने,
- सिकारुको रुचि, सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा स्वतस्फूर्त सिकाइमा जोड दिने,
- सबै प्रकारका सिकाइ आवश्यकता भएका विद्यार्थीलाई समेटी सहजीकरण गर्ने,

- विषय क्षेत्रको प्रकृति र स्वरूपका आधारमा सिकारु अनुकूल शिक्षण विधि र प्रविधिको प्रयोग गर्दै सिकाइ उपलब्धि प्राप्त गर्न जोड दिने,
- परियोजना कार्य, समूह कार्य लगायत निम्नलिखित विधिहरूको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिलाई जोड दिदै सिकाइ सहजीकरण गर्ने,

क) छलफल विधि

ख) प्रश्नोत्तर विधि

ग) अवलोकन विधि

घ) क्षेत्र भ्रमण विधि

ङ) प्रदर्शन विधि

च) खेल विधि

छ) खोज विधि

ज) अनुसन्धान विधि

झ) समस्या समाधान विधि

ञ) अभ्यास विधि

## १४. विद्यार्थी मूल्याङ्कन

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यसलाई अनुसरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर तथा अवलोकन गरेर सिक्ने भएकोले नियमित सहभागिता, हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताका अभिलेख रहने छन् र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा ५ मा निरन्तर मूल्याङ्कन पद्धति अबलम्बन गर्नुपर्ने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची १ र २ फारम प्रयोगमा ल्याउनुपर्ने छ ।

५. कक्षा ५ मा स्थानीय विषयको पूर्णाङ्क १०० रहने छ । जसमध्ये ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक मूल्याङ्नका आधारहरूलाई तथ्यसंगत प्रयोग गरी विद्यार्थीको अभिलेख राख्नुपर्ने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुने छ र छुट्टै उत्तीर्ण हुनुपर्ने छ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औषत उपलब्धी हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

७. मूल्याङ्कानका लागि विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्न लिइने लिखित परीक्षाका लागि प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रमले समावेश गरेका सबै विषय क्षेत्र समेटिने गरी सिकाइ उपलब्धि मापन गर्ने खालका ज्ञान, सीप, बोध, प्रयोग तहका विषयगत( छोटो र लामो उत्तर आउने) र वस्तुगत प्रश्नहरूको आधार लिनुपर्ने छ ।

८. कूल पाठ्यभार १२८ मध्ये १०० पाठ्यभार कक्षा क्रियाकलाप तथा २८ पाठ्यभार प्रयोगात्मक तथा निर्माणात्मक मूल्याङ्कनका लागि प्रयोग गर्नुपर्ने छ ।

## १५. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहने छन् । विषय क्षेत्रमा आबद्ध विभिन्न विधा तथा विषयवस्तहरूको विवरण सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइने छ ।

## १६. समय निर्धारण

प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १-५) २०६२ (परिमार्जन २०६५) तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय विषयको साप्ताहिक पाठ्यभार ४ पाठ्य घण्टा कायम गरेको छ । त्यसै अनुसार **हाम्रो गौमुखी** स्थानीय पाठ्यक्रमको पनि साप्ताहिक पाठ्यघण्टा ४ र वार्षिक कार्य समय १२८ घण्टा हुने छ । पाठ्यांशअनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

## १७. शिक्षाको माध्यम

विद्यालय तहमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै हुन सक्ने छ । तर आधारभूत तहमा स्थानीय पाठ्यक्रम(हाम्रो गौमुखी) को भाषा नेपाली हुने छ ।

## १८. पाठ्यक्रम परिमार्जन

जसरी समाज र समय परिर्वतनशील छ । त्यसैअनुसार परिवर्तित सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूलाई पाठ्क्रममा समेट्नु पर्दछ । पाठ्यक्रम परिवर्तशील दस्तावेज भएकाले समय र समाजको आवश्यकता र माग बमोजिम परिवर्तन र विकास हुँदै जान्छ । यसै अनुरूप यो पाठ्यक्रम पनि स्थानीय समाजको आवश्यकतालाई सम्बोधन गर्न परिमार्जन र विकास गर्न सकिने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय, पर्यटकीय, आर्थिक, जीवनशैली लगायत पक्षहरूको सकारात्मक सन्दर्भहरूको गहिरो खोज, अनुसन्धान र अध्ययन गरिने छ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै परिमार्जन र विकास गरिने छ । <u>समाप्त</u>